विद्यालय कोड एस.एल.सी. ४७२३ एस.ई.ई.: ४५०२३ IEMIS : 470620029

# सेन माध्यमिक विद्यालय
# SEN SECONDARY SCHOOL

तानसेन-६, अमरगञ्ज, पाल्पा, नेपाल
Tansen-6, Amarganj, Palpa, Nepal

☎ : ०७५-५२०१०८
Email : senschool2025@gmail.com

मितिः २०८३/०६/०६

च.नं.: ६८ (क)
पत्र संख्याः २०८३/८४

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
तानसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा।

तानसेन नगर कार्यपालिकाको कार्यालय
मिति 2083.6.06
दर्ता नं. 1006

विषयः दोस्रो पटक शिक्षक सरुवा माग अनुमति सम्वन्धमा।

प्रस्तुत विषयमा यस सेन माध्यमिक विद्यालय, तानसेन नगरपालिका–६, पाल्पामा स्वीकृत दरवन्दी अन्तर्गत रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी, गणित विषयको शिक्षक दरबन्दी पद मा शिक्षक सरुवा प्रक्रियाद्वारा पदपूर्ति गर्ने सम्बन्धमा यस विद्यालयको मिति २०८३/०५/२२ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय तथा तानसेन नगरकार्यपालिकाको मिति २०८३/०४/२२, प.सं. ०८३/८४, च.नं. १७२ को पत्रानुसार मिति २०८३/०५/२२ गते शिक्षक सरुवाको लागि दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको थियो। उक्त सूचनामा तोकिएको १५ दिनको समयावधि अर्थात् २०८३/०६/०५ गतेसम्म सोही तह र श्रेणीमा कार्यरत स्थायी तथा सरुवाका लागि योग्य शिक्षकहरूवाट दरखास्त आह्वान गरिएकोमा तोकिएको अवधिभित्र कुनै पनि योग्य शिक्षकको दरखास्त प्राप्त हुन नसकेको व्यहोरा जानकारी गराउँदछौं। विद्यालयमा गणित विषयको शिक्षक दरवन्दी रिक्त रहँदा नियमित पठनपाठन तथा विद्यार्थीको सिकाइमा समेत प्रत्यक्ष प्रभाव पर्ने भएकाले उक्त रिक्त दरवन्दीमा शिक्षक व्यवस्थापन गर्न आवश्यक देखिएको छ। त्यसैले प्रचलित शिक्षा नियमावली, स्थानीय शिक्षा ऐन/कार्यविधि तथा सम्वन्धित कानुनबमोजिम दोस्रो पटक शिक्षक सरुवा सम्बन्धी सूचना प्रकाशन गरी सरुवा प्रक्रियाबाट उक्त रिक्त दरबन्दी पदपूर्ति गर्न देस्रो पटकको लागि मिति २०८३/०६/०६ गते देखि लागुहुने गरि ७ दिनको स्थायी शिक्षक सरुवा प्रक्रिया अगाडि बढाउन अनुमति/सहमति प्रदान गरिदिनुहुन अनुरोध गर्दछौं।

हरि बहादुर कुँवर
प्रधानाध्यापक
सेन माध्यमिक विद्यालय
तानसेन, पाल्पा